नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय तथा मातहतका कार्यालय (कार्यस्थल)मा यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी आचारसंहिता, २०८२

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल

CamScanner

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

## स्वास्थ्य तथां जनसङ्ख्या मन्त्रालय र मातहतका कार्यालय (कार्यस्थल) मा यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी आचारसंहिता, २०८२

**प्रस्तावना**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र मातहतका सबै स्वास्थ्य संस्थामा सुरक्षित, सम्मानजनक, मर्यादित र हिंसारहित कार्यस्थलको सुनिश्चितताका लागि पालना गर्नुपर्ने आचरण, व्यवहार र निषेधित कार्य समेटी यौनजन्य दुर्व्यवहार निवारण गर्न आचारसंहिता बनाई लागु गर्न वाञ्छनीय भएकोले,

*कार्यस्थलमा यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को दफा २१ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी* "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र मातहतका कार्यालय (कार्यस्थल)मा यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी आचारसंहिता, २०८२" जारी गरिएको छ।

### परिच्छेद- एक
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस आचारसंहितालाई "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र मातहतका कार्यालय (कार्यस्थल)मा यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी आचारसंहिता, २०८२" भनिनेछ।

(ख) यो आचारसंहिता स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषा**

यस आचारसंहितामा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा:

(क) "आचारसंहिता" भन्नाले "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र मातहतका कार्यालय (कार्यस्थल)मा यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी आचारसंहिता, २०८२" सम्झनु पर्छ।

(ख) "आचरण" भन्नाले सेवा प्रदायक तथा सेवाग्राहीहरूले पालना गर्नु पर्ने असल व्यवहार, बानी व्यहोरा, चालचलन तथा चरित्र सम्झनु पर्छ ।

(ग) "कार्यस्थल" भन्नाले आचारसंहिताको दफा ४ मा उल्लिखित कार्यस्थल तथा परिसर र कार्यसम्पादनको क्रममा प्रयोग हुने स्थलसमेत सम्झनु पर्छ।

(घ) "कार्यालय प्रमुख" भन्नाले कुनै कार्यस्थलको प्रशासनिक काम कारवाहीको सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकारी वा अधिकार प्राप्त अधिकारी, व्यक्ति वा सो प्रयोजनको लागि प्रत्यायोजित अधिकार प्रयोग गर्ने अधिकारी सम्झनु पर्छ र सो शब्दले कार्यस्थलको अन्यत्र शाखा तथा एकाई रहेको भए त्यस्तो शाखा/एकाईको प्रमुख समेतलाई जनाउँछ।

CamScanner

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

सामुदायिक स्वास्थ्य कार्यकर्ता, स्वयंसेवक, इन्टर्न, कामको सिलसिलामा कार्यस्थलमा रहेका व्यक्ति, आगन्तुक, स्वयंसेवक, विक्रेता तथा आपूर्तिकर्ताका साथै सुरक्षाकर्मी र कार्यस्थलसँग प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न रहेका व्यक्तिलाई सम्झनु पर्छ।

(ज) "सेवाग्राही" भन्नाले कुनै किसिमको सेवा प्राप्त गर्ने उद्देश्यले कार्यस्थलमा उपस्थित व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको साथमा कार्यस्थलमा आउने व्यक्ति समेतलाई सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सम्झनु पर्छ ।

३. <u>आचारसंहिताका मान्य सिद्धान्तहरू:</u> यस आचारसंहिताले निम्न सिद्धान्तहरूलाई आत्मसात् गर्नेछः-

(क) शून्य सहनशीलताको सिद्धान्तः यौनजन्य दुर्व्यवहारप्रति कुनै पनि प्रकारको पद, प्रतिष्ठा, दर्जा, बहानाप्रति सहनशीलता राखे छैन। यौनजन्य दुर्व्यवहार विरुद्ध शून्य सहनशीलताको सिद्धान्त अपनाउने छ।

(ख) सम्मान र मर्यादाको सिद्धान्तः कार्यस्थलमा सबै सेवाप्रदायक तथा सेवाग्राहीप्रति लिङ्ग, उमेर, जात, धर्म, सामाजिक स्थिति वा शारीरिक अवस्थाका आधारमा विभेद नगरी सम्मान र मर्यादापूर्ण व्यवहारको सुनिश्चितता गर्नेछ।

(ग) हित विपरीत हुने गरी काम गर्न र गराउन नहुनेः कार्यस्थलमा सेवा प्रदायक तथा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार विरुद्ध गुनासो गरेकै कारण निजको हित विपरीत हुने गरी काम नहुने तथा हुन नदिने सुनिश्चतता गर्नेछ।

(घ) सुरक्षित र सकारात्मक वातावरणको सिद्धान्तः कार्यस्थलमा सबैका लागि सुरक्षित, सकारात्मक र भयमुक्त, सहज तथा स्वतन्त्रपूर्वक काम गर्न पाउने र सेवा प्राप्त गर्ने वातावरणको सुनिश्चितता गरिनेछ।

(ङ) पारदर्शिता र जवाफदेहिताः कार्यस्थलमा प्रदान गर्ने सेवा, गुनासो प्रक्रिया, कारवाही तथा सजायमा पारदर्शिता अपनाउने र जिम्मेवार निकाय वा संयन्त्रलाई जवाफदेहिताको सुनिश्चितता गरिनेछ।

(च) गोपनीयताको सिद्धान्तः यौनजन्य दुर्व्यवहार का घटनासँग प्रत्यक्ष सम्बन्ध भएका पक्षहरू बाहेक पीडितको व्यक्तिगत तथा कानुनी प्रक्रिया र अनुसन्धानको बारेमा गोपनीयता सुनिश्चितता गरिनेछ।

(छ) सचेतना तथा जानकारीको अधिकारः यौनजन्य दुर्व्यवहार रोकथामका लागि कार्यस्थलमा कार्यरत कर्मचारी तथा सेवा प्रदायकहरू सचेत हुन पाउने तथा जानकारी पाउने अधिकारको सुनिश्चतता गरिनेछ।

(च) पदीय प्रभाव तथा क्विड प्रो क्वो (Quid Pro Quo): कार्यस्थलमा कसैले कसैलाई पदीय प्रभाव पारेर वा कुनै पदोन्नति वा सुविधाको लाभ दिने वा कुनै हानि नोक्सानीको धम्की दिने कार्यको प्रलोभन देखाई हुन सक्ने यौनजन्य दुर्व्यवहार निषेध गरिनेछ।



CamScanner

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

४. <u>आचारसंहिता लागु हुने (कार्यान्वयन) क्षेत्र:</u> यो आचारसंहिता देहायका कार्यालय(कार्यस्थल) मा लागु हुनेछः-

(क) यो आचारसंहिता स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र यसका मातहतका कार्यालय(कार्यस्थल) मा लागु हुनेछ।

(ख) यो आचारसंहितामाथि दफा ४ (क) मा उल्लेखित कार्यस्थलका साथै कार्य जिम्मेवारी पूरा गर्ने क्रममा कार्यस्थलभन्दा बाहिर भएका तालिम, सेमिनार, स्वास्थ्य शिविर, अध्ययन अनुसन्धान तथा गोष्ठी, सरकारी आवास गृह, आराम गर्ने स्थान, चमेना गृह, सरसफाई गर्ने ठाउँ, कपडा फेर्ने ठाउँ र शौचालय तथा स्तनपान कक्ष, कामसँग सम्बन्धित भ्रमण, यात्रा, सामाजिक भेला तथा विभिन्न कार्यक्रम स्थानमा लागु हुनेछ।

५. <u>आचारसंहिताको पालना:</u> यो आचारसंहिता कार्यस्थल तथा सो कार्यस्थलमा कार्यरत सेवाप्रदायक तथा सेवाग्राही र कामको सम्बन्धमा समन्वय तथा सहकार्य गर्ने सम्पूर्ण व्यक्तिहरूले पालना गर्नु पर्नेछ।

## परिच्छेद- दुई
## कार्यस्थलमा यौनजन्य दुर्व्यवहार बिरुद्ध पालना गर्नुपर्ने आचरण

६. <u>शारीरिक यौनजन्य दुर्व्यवहार विरुद्धको आचरण:</u> कार्यस्थलमा देहाय अनुसारको शारीरिक तथा यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन:-

(क) यौनजन्य आशयले इच्छा विपरीत शरीरको कुनै अङ्गमा छुने वा छुने प्रयास गर्ने तथा अनुचित तथा अनिच्छित शारीरिक स्पर्श गर्नु हुँदैन।

(ख) यौनजन्य आशयले कुनै पनि तरिकाबाट थप्पड हान्ने, समाल्ने, रगड्ने तथा ईच्छा विपरीत चुम्बन गर्ने, अँगालो मार्ने वा सोको प्रयास गर्नु हुँदैन।

७. <u>मौखिक यौनजन्य दुर्व्यवहार विरुद्धको आचरण:</u> कार्यस्थलमा देहाय अनुसारको मौखिक यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन:-

(क) यौनजन्य झुकाव वा लैङ्गिक पहिचान झल्किने अपमानजनक टिकाटिप्पणी गरी यौनजन्य उखान टुक्का, गालिगलौज तथा लैङ्गिक असंवेदनशील भाषाको प्रयोग गर्नु हुँदैन।

(ख) अप्रिय र आपत्तिजनक मानिने उपनाम, लेवल वा शीर्षकले सम्बोधन गरी कामसँग असम्बन्धित यौनिक प्रश्नहरू सोध्ने, अश्लील शब्दहरूको प्रयोग गर्ने वा यौनजन्य प्रकृतिका प्रस्तावहरू राख्नु हुँदैन।

(ग) शरीरका अङ्गहरू, यौन जीवन, महिनावारी आदिको बारेमा व्यङ्ग्य गरी कसैको उपस्थिति, कपडा वा शारीरिक बनावट र अङ्गहरूबारे यौनजन्य टिप्पणीहरू गर्नु तथा कसैको प्राकृतिक गुणलाई लिएर दोषारोपण गर्ने, कमजोरी ठहऱ्याउने कार्य गर्नु हुँदैन।

CamScanner

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

८. **<u>गैर मौखिक यौनजन्य दुर्व्यवहार विरुद्धको आचरण:</u>** कार्यस्थलमा देहायअनुसारका गैर मौखिक यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन:-

(क) कसैको शरीर वा संवेदनशील अङ्गहरू वा शरीरका भागहरूमा असहज तथा अप्ठेरो पर्ने गरी बारम्बार एकोहोरो हेरिरहने तथा कसैलाई आफ्नो गोप्य अङ्गहरू देखाउने वा देखाउन बाध्य पार्नु हुँदैन।

(ख) यौनजन्य संकेत गर्ने तस्वीरहरू वा वस्तुहरू देखाउने वा सांकेतिक इसारा गरेर देखाउने तथा यौनजन्य उद्देश्यले कुनै चिज वा वस्तुको संकेत देखाउने वा देखाउन बाध्य पार्नु हुँदैन।

(ग) कसैलाई यौनजन्य उद्देश्यले बाटो छेक्ने वा नजिक उभिने, ताली बजाउने तथा जिस्क्याउने एवम् यौनजन्य उत्तेजना हुने प्रकृतिका पत्र, तस्वीर, वृत्तचित्र तथा सामग्रीहरू पठाउनु हुँदैन।

९. **<u>प्रविधिको प्रयोगबाट हुने यौनजन्य दुर्व्यवहार विरुद्धको आचरण:</u>** कार्यस्थलमा देहाय अनुसारका यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन:-

(क) बारम्बार अनिच्छित ईमेल, एसएमएस, सामाजिक सञ्जाललगायतका माध्यमहरूबाट यौनजन्य, अप्रिय तथा अश्लील शब्द लेखेर पठाउने, धम्की दिने तथा विद्युतीय माध्यमबाट गोप्य अङ्गहरू देखाउन कर गर्नु वा बाध्य पार्नु हुँदैन।

(ख) अश्लील तस्वीर वा चित्रहरू, यौनजन्य सम्बन्ध र व्यवहारको भिडियो बनाउने, डिजिटल माध्यमबाट देखाउने वा देखाउन बाध्य पार्नु हुँदैन।

तर, माथि दफा ६, ७, ८ र ९ मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य सेवासँग सम्बन्धित अनुसन्धान, उपचार, परामर्शको सिलसिलामा गरिएको कुनै उचित काम कारवाही तथा सोधपुछलाई यौनजन्य दुर्व्यवहार गरेको मानिने छैन।

## परिच्छेद- तीन

## <u>आचारसंहिता कार्यान्वयनको लागि सरोकारवालाहरूको भूमिका</u>

१०. **<u>कार्यालय प्रमुखको भूमिका:</u>** यस आचारसंहिता कार्यान्वयनको लागि कार्यालय प्रमुखको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) यौनजन्य दुर्व्यवहार निवारण गर्न यस आचारसंहिताको प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

(ख) आचारसंहिता कार्यान्वयनको लागि आवश्यक संयन्त्र तथा कार्यक्रमको व्यवस्था गर्ने।

(ग) छिटो छरितो र सबैको पहुँचमा हुने गरी गुनासो सुनुवाईको व्यवस्था गर्ने।

(घ) पीडित तथा साक्षीको सुरक्षा सहित काम गर्न सक्ने सुरक्षित कार्य वातावरणको सुनिश्चितता गर्ने।

(ङ) अनुसुची-१ मा उल्लेख गरिएको प्रतिबद्धता फाराम भराई अभिलेख राख्ने।

(च) गुनासोकर्ता तथा पीडितको गोपनीयता, सुरक्षा र सम्मान सुनिश्चित गर्ने तथा गुनासो गरेकै कारण कुनै किसिमको प्रतिशोध (retaliation) नहुने सुनिश्चित गर्ने।



CamScanner

(छ) पीडित तथा प्रभावितलाई आवश्यक मनोसामाजिक तथा कानुनी परामर्शको लागि सहयोग गर्ने।

(ज) आचारसंहिताको बारेमा कार्यस्थलका कर्मचारीहरूलाई अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने।

(झ) महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक लगायत लक्षित समूहका कर्मचारीका लागि सुरक्षित र समावेशी कार्य वातावरण सुनिश्चित गर्ने।

(ञ) सेवा शर्त सम्बन्धी प्रचलित कानुनले तोकेको सीमा तथा व्यवसायिक आचरण भित्र रही पदीय मर्यादा पालना गर्ने गराउने।

(ट) सम्भव भए सम्म कार्यस्थलमा सिसिटिभीको जडान गरी नियमित अवलोकन गर्ने।

(ठ) कार्यस्थल परिसर, मुख्य प्रवेशद्वार वा कार्यस्थल भित्र सबैले देख्ने स्थानमा यौनजन्य दुर्व्यवहार निवारणमा सहयोग पुग्ने खालका सचेतनामूलक सूचना वा पोष्टर लगाउनु पर्ने।

११. <u>सेवाप्रदायकको भूमिकाः</u> यस आचारसंहिता कार्यान्वयनको लागि सेवाप्रदायकको भूमिका देहाय बमोजिम हुनेछः-

(क) यौनजन्य दुर्व्यवहार निवारण गर्न यस आचारसंहिताको प्रभावकारी रुपमा पालना गर्ने।

(ख) कार्यस्थलमा कर्मचारीहरूले कार्यसम्पादनको क्रममा सेवा शर्त सम्बन्धी प्रचलित कानुनले तोकेको सीमा तथा व्यवसायिक आचरण भित्र रही पदीय मर्यादा कायम गर्नु पर्ने।

(ग) सहकर्मीहरू तथा सेवाग्राहीहरूप्रति सम्मानजनक, मर्यादित र समान व्यवहार गर्नु पर्ने।

(घ) कसैले कार्यस्थलमा यस आचारसंहिता विपरीत कार्य गरेको जानकारी भएमा तत्काल कार्यालय प्रमुखलाई अनुसुची-२ मा राखिएको गुनासो फारामको प्रयोग गरी जानकारी गराउनु पर्ने।

(ङ) यस आचारसंहिता कार्यान्वयनका लागि आवश्यक अन्य कार्यहरू गर्ने।

१२. <u>सेवाग्राहीको भूमिकाः</u> यस आचारसंहिता कार्यान्वयनको लागि सेवाग्राहीको भूमिका देहाय बमोजिम हुनेछः-

(क) यौनजन्य दुर्व्यवहार निवारण गर्न यस आचारसंहिताको प्रभावकारी रुपमा पालना गर्ने।

(ख) कसैले कार्यस्थलमा यस आचारसंहिता विपरीत कार्य गरेको जानकारी भएमा तत्काल कार्यालय प्रमुखलाई जानकारी गराउनु पर्ने।

(ग) सेवाप्रदायक तथा अन्य सेवाग्राहीहरूप्रति सम्मानजनक र मर्यादित व्यवहार गर्नु पर्ने।

(घ) यस आचारसंहिता कार्यान्वयनका लागि आवश्यक अन्य कार्यहरू गर्ने।

## परिच्छेद- चार
## विविध

१३. <u>आचारसंहिताको ब्याख्या र प्रचलित कानून बमोजिम हुनेः</u> (१) यस आचारसंहिताको कार्यान्वयन गर्दा कुनै द्विविधा तथा विवाद उत्पन्न भएमा मन्त्रालयले गरेको ब्याख्या अन्तिम हुनेछ।

CamScanner

(२) यस आचारसंहितामा उल्लेख भएका विषय यसै बमोजिम र अन्य विषयहरूको हकमा प्रचलित कानुन बमोजिम हुनेछ। आचारसंहितासँग बाझिएका विषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१४. <u>अनुगमन र कारबाही सम्बन्धी व्यवस्था:</u> (१) यस आचारसंहिताको पालना भए नभएको सम्बन्धमा प्रचलित कानुन बमोजिम कार्यालय प्रमुखबाट नियमित अनुगमन हुनेछ। कार्यालय प्रमुखबाट भएको अनुमगन सम्बन्धी प्रतिवेदन मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(२) आचारसंहिता उल्लङ्घन गरेको सम्बन्धमा कार्यालय वा मन्त्रालय समक्ष उजुरी दिन सकिनेछ। त्यस्तो उजुरी परेमा ७ दिन भित्र छानबिन गरी टुङ्गो लगाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको छानबिनबाट आचारसंहिता पालना भएको नदेखिएमा पालना नगर्ने सेवा प्रदायक तथा सेवाग्राहीलाई उल्लङ्घनको मात्रा अनुसार प्रचलित कानुन बमोजिम कारबाहीको प्रकृया अगाडि बढाउनको लागि लेखी पठाई सो को जानकारी सम्बन्धित उजुरीकर्तालाई दिनु पर्नेछ

१५. <u>संशोधन तथा परिमार्जन:</u> नेपाल सरकारले यस आचारसंहितलाई आवश्यकतानुसार संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची १-

(दफा १० (ङ) सँग सम्बन्धित)

### आचारसंहिता पालना प्रतिको प्रतिवद्धता

म,........................................(कार्यालयको नाम)............................................. मा ......................... पदमा ............................................... (स्थायी, अस्थायी, दैनिक ज्यालादारी, करार, विशेषज्ञ) नेपाल स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र मातहतका कार्यलय) कार्यस्थल(मा यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी आचारसंहिता २०८२ ले निषेध गरेका कुनै पनि कार्य तथा व्यवहार नगर्न प्रतिबद्ध छु । यस कार्यालयमा कार्यरत वा प्रतिनिधित्व गर्ने अवधिभर सधै यसलाई पालना गर्नेछु। यस आचारसंहिता कार्यस्थल तथा कार्य सम्पादनको क्रममा कार्यस्थलभन्दा वाहिर रहँदाको अवस्थामा पनि यो आचारसंहिता म माथि लागु हुने कुरामा अवगत छु।

______________________

हस्ताक्षर



CamScanner

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- २

(दफा ११ (घ) सँग सम्बन्धित)

## यौनजन्य दुर्व्यवहार विरुद्धको गुनासो फाराम

**१. गुनासोकर्ता □ पीडित तथा प्रभावित □ को व्यक्तिगत विवरण**

नामः ............................................................

पदः ..............................................................

विभाग/शाखाः ................................................

कार्यस्थल ठेगानाः ...........................................

सम्पर्क नम्बरः ................................................

इमेलः ..............................................................

गुनासो गोप्य राख्न चाहनुहुन्छ? □ हो □ होइन

**२. गुनासोकर्ता प्रभावित नभएको भए यहाँ प्रभावितको व्यक्तिगत विवरण**

नामः ............................................................

पदः ..............................................................

विभाग/शाखाः ................................................

कार्यस्थल ठेगानाः ...........................................

सम्पर्क नम्बरः ................................................

इमेलः ..............................................................

गुनासो गोप्य राख्न चाहनुहुन्छ? □ हो □ होइन

**३. आरोपित व्यक्ति(हरू) को विवरण**

नामः ............................................................

पदः ..............................................................

विभाग/शाखाः ................................................

गुनासोकर्तासँगको सम्बन्धः ..................................

**४. घटना सम्बन्धी विवरण**

घटना भएको मितिः ............................................

घटना भएको समयः ............................................

घटना भएको स्थानः ............................................

घटना एक पटक भयो कि दोहोरियो? □ एक पटक □ दोहोरियो

घटना को समयमा उपस्थित अरू व्यक्तिहरू (यदि छन् भने):

..........................................................................................................................

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

५. यौनजन्य दुर्व्यवहारको प्रकार :

क. शारीरिक यौनजन्य दुर्व्यवहार ☐ ख. मौखिक यौनजन्य दुर्व्यवहार ☐

ग. गैरमौखिक यौनजन्य दुर्व्यवहार ☐ घ.प्रविधिको प्रयोगबाट हुने यौनजन्य दुर्व्यवहार☐

६. घटनाको विवरण

............................................................................................................................

............................................................................................................................

७. प्रमाण

दस्तावेज/ईमेल/सन्देशः ..........................................

तस्वीर/अडियो/भिडियोः ............................................

साक्षीको विवरणः ......................................................

८. गुनासोकर्ताको माग

............................................................................................................................

९. अन्य जानकारी

............................................................................................................................

गुनासो गरेको मितिः ......................................................

गुनासोकर्ताको हस्ताक्षरः ....................................